आज मिति २०७५।१०।२२ गतेका दिन नारायण नगरपालिकाका प्रमुख श्री रत्नबहादुर खड्का ज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित सदस्य ज्युहरुको उपस्थितिमा कार्यपालिकाको आठौ बैठक वसी निम्न विषयमा छलफल गरी देहाय बमोजिमका निर्णय गरीयो ।

उपस्थिती

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | रत्नबहादुर खड्का | प्रमुख | |
| २ | सावित्री मल्ल | उप प्रमुख | |
| ३ | तिर्थ नारायण श्रेष्ठ | ना.न.पा. १.वडा अध्यक्ष | |
| ४ | रेशम बहादुर थापा | ना.न.पा. २ वडा अध्यक्ष | |
| ५ | चन्द्रप्रसाद उपाध्याय | ना.न.पा. ३ वडा अध्यक्ष | |
| ६ | वीरबहादुर कटुवाल | ना.न.पा.४ वडा अध्यक्ष | |
| ७ | पूर्ण बहादुर सिंह | ना.न.पा. ५ का.वा. वडा अध्यक्ष | |
| ८ | प्रकास न्यौपाने | ना.न.पा. ६ वडा अध्यक्ष | |
| ९ | पूर्णबहादुर मल्ल | ना.न.पा. ७ वडा अध्यक्ष | |
| १० | भुपाल थापा | ना.न.पा ८ का.वा. वडा अध्यक्ष | |
| ११ | ढालबहादुर थापा | ना.न.पा.९ वडा अध्यक्ष | |
| १२ | लोक बहादुर थापा | ना.न.पा.१० वडा अध्यक्ष | |
| १३ | ~~टेकबहादुर बिष्ट~~ [illegible] शाही | ना.न.पा.११ का.वा. वडा अध्यक्ष | |
| १४ | रत्ना कुमारी थापा | कार्यपालिका सदस्य | |
| १५ | विष्णुदेवी पाण्डे | कार्यपालिका सदस्य | |
| १६ | मनसरा थापा | कार्यपालिका सदस्य | |
| १७ | मनकुमारी सुनार | कार्यपालिका सदस्य | |
| १८ | द्रोपती थापा मगर | कार्यपालिका सदस्य | |
| १९ | शंकर वयलकोटी | कार्यपालिका सदस्य | |
| २० | जगत सार्की | कार्यपालिका सदस्य | |
| २१ | प्रेम वादी | कार्यपालिका सदस्य | |
| २२ | जगतबहादुर बस्नेत | सदस्य सचिव | |
| २३ | मोहन थापा | लेखापाल | |
| २४ | प्रकाश कु. खत्री | सूचना प्रविधि अधिकृत | |
| | | | |
| | | | |

Scanned by CamScanner

निर्णय नं.१.

चालु आर्थिक वर्ष २०७५।०७६ को हिउदे नगर सभा मिति २०७५।११।०५ गते गर्ने र सो को तयारीको लागी निम्नअनुसारको तयारी समिति गठन गर्ने ।

संयोजक -उप- प्रमुख श्री सावित्री मल्ल

सदस्य- विषय समितिका सबै अध्यक्षहरु

सदस्य-शाखाका सम्पुर्ण प्रमुखहरु

सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत

तयारी समितिले गर्ने कामहरु

- विभिन्न शाखाहरुले २०७५पौष मसान्तसम्म गरेका कामहरुको विवरण तयार गरी पेश गर्ने ।
- रकमान्तर गर्नु पर्ने वा शिर्षक फेरवदल गर्नुपर्ने योजनाको सुचि तयार गरी सिफारिस सहित पेश गर्ने ।
- विभिन्न ऐन,नियमावलि, कार्यविधि तथा निर्देशिकाहरु तयार गरि पेश गर्ने ।

निर्णय नं. २.

आर्थिक वर्ष २०७५।०७६ को पौष मसान्तसम्म कार्यालयमा भएको आम्दानी खर्चको विवरण उप-प्रमुख ज्यू को अध्यक्षतामा भएको समिति समक्ष पेश गरी सो को समर्थनको लागी आगामी बैठकमा पेश गर्ने ।

निर्णय नं. ३.

यस नगरपालिका अन्तर्गतका ११ वटै वडाहरुको मासिक २ वटा बैठक,नगरपालिकाका विभिन्न समितिहरुको बैठक बस्दा प्रति बैठक प्रति सदस्य रु.१५००।-का दरल बैठक भत्ता उपलब्ध गराउने । यसको समर्थनको लागी नगरसभामा पेश गर्ने साथै बैठक भत्ता खर्च सम्वन्धिको कार्यविधि बनाउने ।

निर्णय नं. ४.

स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रममा २०६७ देखि निरन्तर कागकाज गर्दै आउनु भएका सामाजिक परिचालकले हाल यस नगरका सबै वडा कार्यालयहरुमा काम गरिरहनु भएकोमा उहाँहरुलाई मासिक रुपमा दिदै आएको पारिश्रमिक दिने सम्वन्धमा यस भन्दा अघिल्ला बैठकहरुमा सम्वन्धित वडाहरुका बस्तीका घर टोलमा गइ एकिकृत सम्पति कर संकलन गर्ने र सोहि बाट उठेको रकम मध्ये बाट पारिश्रमिक रकम उपलब्ध गराउने भनि निर्णय भए बमोजिम गर्ने । यसका लागी सबै वडा कार्यालयहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ५.

विगत वर्षहरुमा यस नगरपालिका कार्यालयबाट नगरका देहाय अनुसारका विभिन्न योजनाहरु विभिन्न मितिमा सम्झौता भइ सम्झौता बमोजिम केहि कामहरु चुस्त दुरुस्त हुन नसकेका र भुक्तानी समेत हुन नसकेका योजनाहरुको भुक्तानिका लागि सम्वन्धीत पक्षहरुबाट माग भई रहेको हुँदा नापजाँच तथा अनुगमन गरि प्राविधिकबाट पेश भएको काम अनुसारको रकम सम्वन्धित पक्षलाई भुक्तानी दिनको लागि निर्णयार्थ आगामी नगर सभामा पेश गर्ने ।

| सि.न. | आयोजनाको नाम | सम्झौता मिति | लागत | कैफियत |
|---|---|---|---|---|
| १. | भगवती मन्दिर गणेश सम्मको सडक मर्मत सुधार एन. आर. के. निर्माण सेवा | | २४१२०४१ | क्रमागत आयोजना भुक्तानि बाँकी |
| २. | खम्व कुसाडा सडक निर्माण र स्तरोन्नती | | २३४०००० | क्रमागत आयोजना भुक्तानि बाँकी |
| ३ | श्रीस्थान पर्यटकीय स्थल प्रवेश मार्ग सडक निर्माण | | २८४११०० | क्रमागत आयोजना भुक्तानि बाँकी |
| ४ | गणेशथान देखी काडाँचौर सडक स्तरोनन्ती | | ५८५४६४१ | क्रमागत आयोजना भुक्तानि बाँकी |
| ५ | मालपोत कार्यालय चोक देखी भगवती मन्दीर तथा एकान्तकुना सडक मर्मत कार्य | | ३५५०००० | क्रमागत आयोजना भुक्तानि बाँकी |
| ६ | नगरपालिका क्षेत्रमा विद्युतिकरण | | ८९६८३०२ | क्रमागत आयोजना भुक्तानि बाँकी |
| ७ | डेकेन्द्रचोक देखी गोगनपानि धारा जाने बाटो स्तारोन्नती | | १०००००० | क्रमागत आयोजना भुक्तानि बाँकी नगरसभाको साझेदारी |
| ८ | काँडाचौर बसपार्क सडक स्तरोन्नती तथा नाला व्यवस्थापन | | २५००००० | क्रमागत आयोजना भुक्तानि बाँकी |
| ९ | कोटिला पर्यटकिय स्थल जाने बाटो निर्माण | | २८१५००० | क्रमागत आयोजना भुक्तानि बाँकी |
| १० | बहुउदेश्यिय भवन निर्माण (मर्मत सम्भार कोषबाट) | | १४०५००० | क्रमागत आयोजना भुक्तानि बाँकी |
| ११ | वाईपास रोड | | | रोड मर्मत सुधार तथा कल्भर्ड सुधार |
| १२ | सवै वडामा रु ५० हजार बरावरको सडक मर्मतको भुक्तानि | | ५,५०,००० | दशै तिहारको आसपासमा सडक मर्मत |

Scanned by CamScanner

निर्णय नं. ६.

यस नारायण नगरपालिकाको दोस्रो नगर सभाको मिति २०७५।०४।३२ मा भएको निर्णय बमोजिम नारायण नगरपालिकाको २०७५।०६।०९ र २०७५।०८।१२ गतेको कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम र सो भन्दा अगाडी कार्यालयको कामको सिलसिलामा स्वीकृत दरबन्दी भित्र रहि देहायअनुसारका प्राविधिक तथा सहयोगिस्तरका कर्मचारीहरु विभिन्न मितिमा सेवा करारमा लिई कामकाजमा लगाईएकोमा नेपाल सरकार संघिय मामिला सामान्य प्रशासन मन्त्रालय काठमाडौंको प.स.२०७५।०७६ च.न. ३०७९ मिति २०७५।१०।०९ को पत्रअनुसार कर्मचारी समायोजन नहुदासम्म कर्मचारी नियुक्ति नगर्ने नगराउने भनि पत्र प्राप्त भएको सम्वन्धमा बैठकमा विस्तृत छलफल भयो । सो सम्वन्धमा कार्यालयको कामको प्रकृति र जिम्मेवारीको हिसाबले नगरी नहुने कामको लागी कर्मचारी भर्ना गरिएकोमा नियुक्ति भईसकेका कर्मचारीहरुलाई हटाउदा कार्यालयले दिने दैनिक सेवा प्रवाहमा कर्मचारीको अभावमा निकै कठिनाई हुने देखिएको हुदा हाललाई यस नगरपालिकाको आन्तरिक श्रोतबाट राखिएका कर्मचारीलाई निरन्तरता दिने र कर्मचारी समायोजन पश्चात यस कार्यालयलाई आवश्यक पर्ने जनशक्तिको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&m) गरि साविकको जिल्ला कृषि बिकास, जिल्ला पशुसेवा, जिल्ला जनस्वास्थ्य कार्यालय आदी बाट आएका करार सेवाका कर्मचारीहरुलाई हाल सोहि कार्यालय सँग सम्वन्धित रहि नयाँ खुलेका कार्यालयमा फिर्ता पठाउने वा व्यापक काँटछाँट गरी नगरपालिकाको जनशक्ति व्यवस्थापन चुस्तदुरुस्त राख्ने । साथै कर्मचारी समायोजन नहुदा सम्म देहायका कर्मचारीहरुको सेवालाई निरन्तरता दिई काम गरेको अवधिसम्ममा नीजहरुको मासिक पारिश्रमिक भुक्तानि दिने र सो को समर्थनको लागी तेस्रो नगरसभामा पेश गर्ने निर्णय गरियो । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्राप्त पत्रानुसार कर्मचारी दरवन्दीमा ईन्जिनियर श्री विषेश शर्मा र अमिन श्री लोकेन्द्रबहादुर के.सी.को दरवन्दी नभएको हुँदा कार्यपालिकाको मिति २०७५/६/९ गते बसेको बैठकबाट ईन्जिनियर सहायक स्तर छैटौं अमिन सहायकस्तर चौथो श्रेणीको पदमा रही काम गरिरहेको र दरवन्दी श्रृजना नभएको हुँदा निजको सेवालाई निरन्तरता दिई उक्त दरबन्दी श्रृजर्ना गर्न आगामी तेस्रो नगरसभामा पेश गर्ने निर्णय भएको हुँदा सो को लागि निजको सेवालाई निरन्तरता दिने वा नदिने सम्वन्धमा आगामी तेस्रो नगरसभामां पेश गर्ने निर्णय गरियो । साथै नारायण नगरपालिका कार्यालय तर्फका देहाय अनुसारका कर्मचारीहरुलाई हाल नगरको आन्तरीक श्रोतबाट पारिश्रमिक भुक्तानि दिने र सो को समर्थनको लागि तेस्रो नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**नारायण नगर नगरकार्यपालिका तर्फ**

१) इन्जिनियर अधिकृत स्तर छैटौ श्री बिशेष शर्मा
२) कानुनी सल्लाहकार अधिकृत स्तर छैटौ श्री हरि बहादुर खत्री
३) नगर प्रमुख सल्लाहकार अधिकृत स्तर छैटौ श्री निरञ्जन खड्का
४) नगर उप प्रमुख सल्लाहकार सहायकस्तर पाँचौं श्री पवन मल्ल
५) ल्याव टेक्नेसियन सहायकस्तर चौथौ श्री जगत बहादुर खड्का
६) सहायक कम्प्युटर अप्रेटर सहायकस्तर चौथौश्री पूर्ण प्रसाद शर्मा
७) सहायक कम्प्युटर अप्रेटर सहायकस्तर चौथौ श्री दीपा कुमारी खड्का
८)सहायक कम्प्युटर अप्रेटर सहायकस्तर चौथौ श्री शर्मिला न्यौपाने
९) अमिन श्री लोकेन्द्र के.सी

**जिल्ला अस्पताल, स्वास्थ्य चौकी तथा सहरी स्वास्थ्य क्लीनिक तर्फ**

१. स्वास्थ्य चौकी बिन्ध्याबासिनी अ.न.मी श्री अस्मीता सिंह
२. शहरी स्वास्थ्य क्लीनीक सिमाडा अ.न.मी श्री शान्ति गिरी
३. जिल्ला अस्पताल दैलेख स्टाप नर्स श्री सदिक्षा बिष्ट अ.न.मी श्री गिता थापा

Scanned by CamScanner

**निर्णय नं. ७**

नारायण नगरपालिका अर्न्तगत वडा नं. ४,१० र ११ ( साविक त्रिवेणी, खरिगैरा ८र ९ ,भवानी र विन्ध्यावासिनी गा.वि.स.) का विभिन्न स्थानहरुमा विधुत सेवा विस्तार गर्न सामुदायिक ग्रामिण विधुतिकरण विनियामावली २०७१ वमोजिम सामुदायिक ग्रामिण विधुतिकरण कार्यक्रम संचालनको लागि आवश्यक प्रक्रिया पु-याई सामुदायिक ग्रामिण विधुतिकरण विभागले ९० प्रतिशत रकम र यस नगरपालिकाले १० प्रतिशत लागत खर्चका लागि यस नगरपालिका ले संघिय सरकारको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अर्न्तगत विनियोजन भएको रकम रु. ५० लाख साझेदारी रकम व्यवस्था गर्ने र विनियोजित साझेदारी रकम अप्रर्याप्त भएमा थप लागतको हुने १० प्रतिशत साझेदारी रकम यस नगरपालिका वाट सहर्ष छुट्याउन सकिने व्यहोरा निर्णय गरियो ।

साथै नारायण नगरपालिकाको वडा नं. ४,१० र ११ ( साविक त्रिवेणी,खरिगैरा ८ र ९ ,भवानी र विन्ध्यावासिनी ) मा विधुत सेवा संचालनको लागि ग्रामिण सामुदायिक विधुतिकरण कार्यक्रम संग अनुरोध गर्ने र यस नगरपालिकाले विधुतिकरण कार्यक्रम संचालन /व्यवस्थापनका लागि निम्नानुसारका कर्मचारी व्यवस्थापन गर्ने र विधुत सम्वन्धि कार्य गर्न नगरपालिकामा छुट्टै विधुत उपशाखा गठन गर्ने निर्णय गरियो ।

१ प्राविधिक तर्फ

क ) सुपरभाईजर - १ जना

ख) लाईनमेन - २ जना

ग) ईलेक्टिसियन/हेलपर - २ जना

२) लेखा समूह तर्फ : लेखापाल - १ जना

३) मिटर रिडर - २ जना

**निर्णय नं. ८.**

यस नगरपालिका बाट चालु आ.व.०७५।०७६ को माघ १५ गते सम्ममा घ वर्गको देहाय अनुसारका नयाँ इजाजत पत्र प्रदान गरेको विवरण बैठकमा जानकारीका लागी प्रस्तुत गरियो ।

| सि.न. | फर्मको नाम र ठेगाना | प्रोप्राईटरको नाम र ठेगाना |
|---|---|---|
| १ | ए.वि.निर्माण सेवा ना.न.पा.१ दैलेख | भरत बहादुर थापा ना.न.पा.१ दैलेख |
| २ | रोयल सेलेक्ट कन्ट्रक्सन ना.न.पा.६ दैलेख | हर्क बहादुर शाही ना.न.पा.६ दैलेख |
| ३ | भावना निर्माण सेवा ना.न.पा.१ दैलेख | राजु खड्का ना.न.पा.२ दैलेख |
| ४ | राजा निर्माण सेवा ना.न.पा.१ दैलेख | कुमार विक्रम शाही ठांटीकाध ३ दैलेख |
| ५ | पूर्णमाया निर्माण सेवा ना.न.पा.१ दैलेख | माया कुमारी रेग्मी शर्मा ना.न.पा.२ दैलेख |
| ६ | रवि निर्माण सेवा ना.न.पा.१ दैलेख | रवि चन्द वासगढी.ना.न.पा. वर्दिया |

**निर्णय नं. ९.**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP-II-TSNGP )कार्यक्रम अन्तर्गत यस नारायण लनगरपालिकामा कार्यरत सुचना प्रविधि अधिकृतलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को मिति २०७५/०६/१५ को च.नं १५९अनुसार मासिक रुपमा पाउने पारिश्रमिकको २५ प्रतिशत नारायण नगरपालिकाले व्यहोर्ने र बाँकी ७५ प्रतिशत सामुदायिक विकास कार्यत्रम (LGCDP-II,TSNGP )कार्यक्रमले व्यहोर्ने जानकारी प्राप्त भइकोमा हाल उक्त रकम LMBS मा प्रविस्ट भई नसकेको हुनाले जम्मा हुन आउने रकम रु ४०,०००।- प्राप्त नहुन्जेल सम्म पछि सोध भर्ना हुने गरी मासिक पारिश्रमिक खुवाउने निर्णय गरियो ।

**निर्णय नं. १०.**

Scanned by CamScanner

**निर्णय नं. १०.**

नारायण नगरपालिका वडा नं. १ स्थित पिपल चौतारामा पञ्चकोशि धार्मिक सत्संग सेवा समितिले माघ १ गतेको दिन महात्मा कथा प्रवचन कार्यक्रममा खर्च भएको रकम रु २५,००० भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं. ११.**

यस कार्यलयको वातावरण शाखामा कार्यरत कार्यलय सहयोगी श्री सुरत बहादुर खत्रीको असमाहिक निधन भएकोले निजको कार्जक्रिया खर्च बापत एकमुष्ट रु २५,०००।- निजको परिवारलाई आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२.**

यस नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुबाट २६ जना डकर्मीहरुलाई उनीहरुको स्तर उन्नती र क्षमता विकाशको लागि १ हप्ते तालिममा सहभागि हुन आउन जाँदा यातायात खर्च बाफत प्रति व्यक्ति रु २,०००।-का दरले र प्रशिक्षकहरुलाई नियमानुसार पाउने पारिश्रमिक सम्वन्धीत शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं. १३.**

यस नगरपालिकाको ११ वटै वडाहरुमा बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत जनचेतना अभिवृद्धी गर्न श्री मनकुमारी सुनारको संयोजकत्वमा परिवर्तन नाटक संचालनमा पुरस्कार स्वरुप संलग्न १६ जनालाई प्रतिव्यक्ति रु ५,०००।-का दरले ८०,००० नगर साझेदारी.शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं. १४.**

यस नारायण पालिकाको आधारभूत तहको (कक्षा ८) मार्ग सिट तयार गर्नकोलागि सफटवर आवश्यक पर्ने भएकोले उक्त सफटवयर राख्नको लागि रकम रु १,५०,०००।-नगरपालिकाको चालु शिर्षकको सफटवर शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं. १५.**

नारायण नगरपालिका वडा नं. २ स्थित माल्लि खेलकुद मैदानको IEE गर्न लागेको रकम रु २,५०,००।- पूजीगत तर्फको नगर साझेदारी शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं. १६.**

यस नारायण नगरपालिका सबै वडाहरुमा सुनौला हजार दिनका आमाहरुको घरमा हरियो झण्डा अभियान कार्यक्रम अन्तर्गत १,३०० तयारी झण्डाको आवश्यक रकम रु १,००,०००।-नगर साझेदारी शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं. १७.**

यस नारायण नगरपालिका अन्तर्गतका वडाहरुमा संञ्चालित विद्यालयहरुलाई विद्यालय संचालन वापत वडाहरुबाट केहि रकम छुट्याईएको र हाल नगरमा नगर शिक्षा कोष संञ्चालन कार्यविधि तयार हुने क्रममा रहेको हुँदा उक्त कार्य विधि तयार नहुदासम्म तपशिल बमोजिमका विद्यालयहरुमा देहायबमोजिमको रकम विद्यालय संञ्चालन अनुदान वापत विद्यालयको खातामा रकम जम्मा गर्ने र विद्यालयहरुले विद्यालय संञ्चालन कार्यमा गरेको खर्च विवरण नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

| क्र.स. | विद्यालयको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री खड्क आ.वि., जाहारकोट | २ | ३३,००० | |
| २ | श्री जनता आ.वि. , जाहारकोट | २ | ३३,००० | |
| ३ | श्री जनता मा.वि., जाहारकोट | २ | १,३४,००० | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री नेपाल राष्टिय मा.वि. कालिमाटि | ३ | ८३,००० | |
| ५ | श्री जनजागृति आ.वि. | ३ | ८३,००० | |
| ६ | श्री जानकी आ.वि., देवलकाडा | ४ | ५१,००० | |
| ७ | श्री सामुदायिक आ.वि., विसुना | ४ | १५,००० | |
| ८ | श्री नवदुर्गा आ.वि. | ५ | ३३,००० | |
| ९ | श्री रेडक्रम मा.वि. | ६ | ४१,००० | |
| १० | श्री हिमालय मा.वि. | १० | २,००,००० | |
| ११ | श्री रैनादेवी आ.वि., काडा | ११ | १,५०,००० | |
| १२ | श्री बडाभैरव आ.वि. जुफ्या | ११ | १,५०,००० | |
| १३ | श्री भैरव आ.वि. किमुगाउं | ७ | ६६,००० | |

निर्णय नं. १८.

यस नारायण नगरपालिका अन्तर्गत देहायबमोजिमका योजनाहरुको DPR, IEE तयार गर्ने र सो को लागि आवश्यक पर्ने रकम सहयोगको लागि संघ तथा प्रदेश सरकार संग अनुरोध गर्ने साथै नगर साझेदारीबाट खर्च गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | कै | क्र.स. | योजनाको नाम | कै |
|---|---|---|---|---|---|
| १ | भ्यु टावर तथा पार्क वडा नं ३ | | १० | विलासपुर फुलबारी पार्क निर्माण । | |
| २ | माल्ली खेल मैदान ना.न.पा २ | | ११ | मालिका मन्दिर निर्माण | |
| ३ | दार्नाधारा पानी मुहान संरक्षण ना.न.पा ७ | | १२ | कोतगढी र टुडीखेल निर्माण । | |
| ४ | हाईटेक नर्शरी ना.न.पा १० | | १३ | कुर्सूकोट भियू टावर निर्माण । | |
| ५ | राईली त्रिपानी पर्यटकीय पूर्वाधार विकास ना.न.पा ११ | | | लोहोर खोला देखी मौला डाडासम्म र लोहोरे खोला देखी बास्कोटसम्म लिप्टीङ सेवा संञ्चालन | |
| ६ | चुप्रावारी मिनि जु ना.न.पा ९ | | १४ | पानतोला वन ना.न.पा ७ | |
| ७ | प्रत्येक वडामा खेल मैदान निमार्ण | | १५ | गणेश मन्दिर ना.न.पा ६ | |
| ८ | वर्खालेपानी ना.न.पा ६ | | १७ | ल्याड फिल्ड साईड | |
| ९ | रिङरोड निर्माण | | १८ | | |

निर्णय नं. १९.

यस नारायण नगरपालिका वडा नं. ४ र ५ स्थित नौमूले जाने सडकको नगर क्षेत्रको खण्डमा खाल्डा खुल्डी परि सवारी साधन संञ्चालन गर्न असहज भएको हुँदा नगरपालिका लगायत अन्य व्यक्तिहरुको डोजर तथा टिप्पर प्रयोग गरी सडक मर्मत सुधार गर्ने । डोजर टिप्परको लागि आवश्यक पर्ने इन्धन नगरपालिकाले व्यहोर्ने र सडक मर्मत कार्यमा संलग्न सवारी चालक तथा सहयोगीहरुले सो समयमा खाना, चिया र नास्तामा खर्च भएको जम्मा रु ४२००० यस नगरपालिकाबाट भुक्तानि निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. २०.**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध हुने भनिएको गाडी मर्मत गर्न स्टमेट गराई लाग्ने खर्च अनुमानित रकम रु ५,००,०००।- नगर साझेदारी शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं. २१.**

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रालयको प.सं. ०७५/०७६/ च.नं. ३ मिति ०७५/४/३ को प्राप्त पत्रानुसार यस नगरपालिकाको कार्यालयमा बहुक्षेत्रीय पोषण कार्यक्रम लागु भएको र सो को प्रयोजनको लागि स्थानीय तहको साझेदारीमा पोषण स्वयंम सेवक नियूक्ति गर्न सकिने व्यवस्था अनुरुपश्री बसन्त राज थापालाई मिति २०७५कातिक देखी नियूक्ति गरी कामकाजमा लगाउन को लागि वार्षिक रु १,४४,०००।- सम्वन्धीत शीर्षकबाट खर्च गर्ने र नपुग रकम नारायणनगरपालिकाबाट व्यहोर्नेनिर्णय गरियो ।

**निर्णय नं. २२**

यस स्थानियक सरकारको संस्थागत स्वमूल्याङ्कन प्रणाली सम्वन्धी नमूना परीक्षण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजना र यस नारायण नगरपालिकाको संयोजनमा मिति २०७५ माघ १० र ११ गते नगर कार्यपालिकाको बैठक कक्षामा छलफल भएको LISA का १० वटा विषयमा शिर्षकको छलफलबाट आएको प्रतिवेदनलाई घनिभूत छलफल गर्दा प्राप्त नतिलाई शतप्रतिशमा लिनएके लागि सम्पूण विषयगत क्षेत्रका शिर्षकहरुलाई प्राप्त गर्न आपश्यक निती नियम कार्यविधि आगामि कार्यपालिकामा छलफल बढाई सम्पूर्ण कामहरु अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २३**

यस नारायण नगरपालिकामा विभिन्न मितिहरुमा विभिन्न व्यक्ति, संघ संस्थाहरुबाट आर्थिक सहायता माग भई आएकोमा देहाय अनुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | निवेदकको नाम, थर | ठेगाना | व्यहोरा | निवेदनमा माग भएको | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री नन्दे कामी | ना.न.पा.–४, भुर्ती, दैलेख । | मृगोला फेल भएको | आर्थिक सहयोग | रु. ५०००।– | आर्थिक सहायता |
| २. | श्री लक्षिरामा नेपाली | ना.न.पा.–१, दैलेख | उपचारको क्रममा मृत्यू भएको | आर्थिक सहयोग | रु. ५,०००।– | आर्थिक सहायता |
| ३. | श्री सनध्या श्रेष्ठ | ना.न.पा.–१, दैलेख | प्यारालाईसिस भएको | आर्थिक सहयोग | रु. ८,०००।– | आर्थिक सहायता |
| ४. | श्री यमुना सिह | ना.न.पा.–१, दैलेख | अज्ञात समुहले मारेको | आर्थिक सहयोग | रु. ५,०००।– | आर्थिक सहायता |
| ५. | श्री टिका वि.क. | ना.न.पा.–२, दैलेख | | आर्थिक सहयोग | रु. ५०००।– | विपद व्यवस्थापन |
| ६ | श्री तश्लीमा बानी | गुजरात रज्य भरु जिल्ला, भारत | अलपत्रमा फेला परेको र पारिवारीक मिलनको लागि | आर्थिक सहयोग | रु. ५,०००।– | आर्थिक सहायता रमा श्रेष्ठलाई उपलब्ध |

Scanned by CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | श्री यमुना सार्की | ना.न.पा.–२, दैलेख | घर भत्केको | आर्थिक सहयोग | रु. ५०००।– | विपद व्यवस्थापन |
| ८ | भविसरा वि.क. | ना.न. पा ८ तर्ताङ्ग | | | रु १००० | आर्थिक सहायता |
| ९ | वेलासपुर युथ क्लव | | खेलकुद | | रु १०,००० | आर्थिक सहायता |
| १० | देवीसरा नेपाली | ना.न.पा ८ | | | रु २००० | आर्थिक सहायता |
| ११ | मिना रेग्मी | ना.न.पा ४ | पूर्ण अपाङ्ग | | रु. ५०००।– | आर्थिक सहायता |
| १२ | चन्द्रा वि.क. | ना.न.पा ८ | किड्नी फेल | | रु. ५०००।– | आर्थिक सहायता |
| १३ | जगत नेपाली | ना.न.पा १ | | | रु २००० | आर्थिक सहायता |

निर्णय नं. २४

नारायण नगरपालिका वडा १ मुलधारा स्थित पशुवधशाला संञ्चालनको लागि नगरपालिकाको स्वामित्वमा रहने गरी पशुबशाला निर्माणको लागि भेटेनरी अस्पताल तथा पुशसेवा विज्ञ केन्द्र संग अनुरोध गर्ने निर्ण गरियो ।

**निर्णय नं. २५**

दुल्लु नगरपालिकाको प.स. ०७५/०७६ च.नं. १०४मिति २०७५/११/०२ को भगिनि सम्वन्ध स्थापित गर्ने सम्वन्धिको प्राप्त पत्रानुसार यस नारायण नगरपालिका र दुल्लु नगरपालिका विच ऐतिहासिक, साँस्कृतिक तथा पुरात्तात्विक महत्वका विषयहरुमा आदानप्रदान गर्नको लागि भगिनि सम्वन्धमा स्थापना गर्न अनुरोध भई आएकोमा उक्त अनुरोधलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

यस नारायण नगरपालिका र नेपालगंञ्ज उप-महानगरपालिका बिच विभिन्न विकास निर्माण लगायतका अनुभव तथा सहयोग आदान प्रदान गर्नको लागि भगिनि सम्वन्ध स्थापित गर्न पत्रद्धारा अनुरोध अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

वेलासपुर मन्दिर वरिपरि पर्खाल लगाउन र पार्क निर्माण गर्नको लागि यस जिल्ला स्थित नेपाली सेनाको ईन्द्र दल गुल्ममार्फत निर्माण कार्य अगाडी बढाउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

दैलेख जिल्ला सदरमुकाम देखि उत्तर बसपार्क देखि महावु हुँदै जुम्ला सड्क जोड्ने नितान्त आवश्यक भएको यस नारायण न.पा. को वजेट अप्रयाप्त भै उक्त कार्यका लागि वजेट व्यवस्थापन गर्न नसकिएकाले शहरी विकास मंन्त्रालय भवन निर्माण विभाग काठमाडौ संग आगामि आ.व.मा योजना छनोट गरीदिनहुन अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २९**

दैलेख जिल्ला सदरमुकाम स्थित नारायण नगरपालिका वडा नं. ३/५को सिमानामा पर्ने कुर्सु कोट डाँडा प्रार्कृतिक दृष्टिकोणले सुन्दर, मनोमोहक तथा प्रर्यटकिय विकासको प्रचुर सम्भावना बोकेको स्थल हुँदा उक्त डाडाँमा भ्यूटावर तथा वरपर सुन्दर पार्क व्यवस्थापनका लागि योजना छनौट गरीदिनहुन शहरी विकास मंन्त्रालय भवन निर्माण विभाग काठमाडौमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३०**

दैलेख वजार गणेशस्थान देखि क्याम्पस नयाँगाउँ विजौरा हुँदै भनभने विनध्यावासिनी काँडासम्मको मोटर बाटो लामो समय देखि वजेट अभावका कारणले स्तरोन्नती हुन नसकि अलपत्र रहेकोले उक्त आयोजना छनोट गरीदिन शहरी विकास मंन्त्रालय भवन निर्माण विभाग काठमाडौमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

Scanned by CamScanner